# तीनपाटन गाउँपालिका

# स्थानीय राजपत्र

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/१०/१४

प्रमाणिकरण मिति : २०८०/१०/१४

खण्ड : ७ संख्या : ११ अंक :१८ राजपत्रमा प्रकाशित मिति : २०८०/१०/१५


## भाग : २

## तीनपाटन गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**लाम्पनटार, जिल्ला- सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

## तीनपाटन गाउँपालिका

# गाउँ शिक्षक अनुदान व्यवस्थापन कार्यविधि २०८०

*गाउँ कार्यपालिकाबाट स्वीकृत तथा संशोधित मिति: २०८०/१०/१४*

प्रस्तावनाः

तीनपाटन गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा नेपाल सरकारबाट उपलब्ध गराइएका शिक्षक दरवन्दी कम भएका, प्रतिकक्षा कस्तीमा एक दरबन्दी नभएका, बालविकास सहजकर्ता नभएका विद्यालय र विद्यालयमा कार्यरत शिक्षक प्रसुति विदामा बसेको अवस्थामा पठनपाठन सुचारु गर्न गाउँपालिकाको स्रोतवाट उपलब्ध गराइने गाउँ शिक्षक अनुदान कोटामा शिक्षक छनौट कार्यलाई व्यवस्थित गर्न तीनपाटन गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।


Scanned with CamScanner

# परिच्छेद-१

## प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम "गाउँ शिक्षक अनुदान व्यवस्थापन कार्यविधि, २०८०" रहेको

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२ परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. "सामुदायिक विद्यालय" भन्नाले तीनपाटन गाउँपालिका अन्तर्गत नियमित रुपमा सरकारी अनुदान पाउने गरी सचालनमा रहेका विद्यालय सम्झनुपर्दछ ।

२. "गाउँपालिका" भन्नाले तीनपाटन गाउँपालिका सम्झनुपर्दछ ।

३. "शिक्षक दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा उपलब्ध गराइएका शिक्षक दरबन्दी तथा राहत अनुदान समेत बुझ्नुपर्दछ ।

४. "गाउँ शिक्षा समिति" भन्नाले तीनपाटन गाउँपालिकाको गाउँ शिक्षा समिति बुझ्नुपर्दछ ।

५. "गाउँ शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम छनौट भई सामुदायिक विद्यालयमा नियुक्त हुने शिक्षक र गाउँपालिकाबाट स्थापना अनुमति पाई सञ्चालन हुने बाल विकास केन्द्रमा नियुक्त हुने बाल विकास सहजकर्ता एवम् गाउँपालिकाबाट थप गरिएको कोटामा नियुक्त हुने सहजकर्ता समेतलाई बुझ्नुपर्दछ ।

६. "गाउँ सभा" भन्नाले तीनपाटन गाउँपालिकाको गाउँ सभा सम्झनुपर्दछ ।

७. "शाखा" भन्नाले तीनपाटन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

८. "कार्यपालिका" भन्नाले तीनपाटन गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

९. "छनौट समिति" भन्नाले दफा ७ बमोजिमको गाउँ शिक्षक छनौट समितिलाई बुझ्नुपर्दछ ।

# परिच्छेद-२

## उद्देश्य तथा बजेट सीमा

**३ . उदेश्यः यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय अनुसार रहेको छः**



Scanned with CamScanner

१. विद्यालयलाई उपलब्ध गराइने गाउँ शिक्षक अनुदानको वितरणको आधार तथा व्यवस्थापनका लागि मार्गदर्शन प्रदान गर्नु ।

२. गाउँ शिक्षक पदपूर्तिको कार्यलाई व्यवस्थित गर्नु ।

३. गुणस्तरीय शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्नु ।

४. बजेट सीमा: तीनपाटन गाउँपालिकाको गाउँ सभाबाट प्रत्येक आ.व. का लागि स्वीकृत गाउँ शिक्षक अनुदान रकम नै बजेटको सीमा हो ।

# परिच्छेद-३

## अनुदान वितरणको आधार तथा सिफारिस कार्यदल

**५. गाउँ शिक्षक अनुदान कोटा उपलब्ध गराउने आधारहरू:** गाउँ शिक्षक अनुदान कोटा उपलब्ध गराउने आधारहरु देहाय अनुसार हुनेछन :

(क) विद्यालयको विद्यार्थी संख्या

(ख) मौजुदा शिक्षक दरवन्दी तथा कर्मचारी संख्या

(ग) गत आ.व. मा विद्यालयले प्राप्त गरेको अनुदान

**६. अनुदान कोटा सिफारिस कार्यदल:**

१. विद्यालयमा जाने गाउँ शिक्षक अनुदान कोटाको लागि सिफारिस गर्न देहायको कार्यदल निर्माण गरिनेछ ।

क. सामाजिक विकास समितिको संयोजक - संयोजक

ख. गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको सो समितिको सदस्य एकजना - सदस्य

ग. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

२. उपदफा १ बमोजिमको कार्यदलको सिफारिस समेतका आधारमा गाउँ शिक्षा समितिले विद्यालयलाई जाने अनुदान कोटाको संख्या एकीन गरी गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ।गाउँ शिक्षा समितिको सिफारिस समेतका आधारमा गाउँ कार्यपालिकाले अनुदान कोटा संख्याको अन्तिम निर्णय गर्नेछ ।

३. विद्यालयलाई उपलब्ध गराइएको गाउँ शिक्षक अनुदान कोटा संख्या शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले थपघट गर्न सक्नेछ ।

# परिच्छेद-४

## कार्यक्रम कार्यान्वयन प्रक्रिया



Scanned with CamScanner

**७. गाउँ शिक्षक छनौट समिति:**

१. गाउँ शिक्षक अनुदान पदमा शिक्षक छनौट तथा सिफारिस सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको गाउँ शिक्षक छनौट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

(ख) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

(ग) गाउँ शिक्षा समितिको संयोजकले छनौट गरेको विषय विशेषज्ञ - सदस्य

(घ) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(ङ) प्रधानाध्यापक - सदस्य सचिव

२. छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

३. शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा निर्धारण गरेको मापदण्ड वा कार्यविधिको पालना छनौट समितिले गर्नुपर्नेछ ।

४. छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र गाउँपालिका कार्यालय वा नजिकको माध्यमिक विद्यालयमा राख्नुपर्नेछ ।

५. गाउँ शिक्षक छनौट परीक्षा सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्च सम्बन्धित बिद्यालयले व्यहोर्नु पर्नेछ ।

६. छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. गाउँ शिक्षक अनुदान कोटा संख्याको एकीन भएपश्चात कार्यक्रम कार्यान्वयन देहाय अनुसार गर्नुपर्नेछ ।**

१. गाउँपालिकाबाट प्रदान हुने अनुदान कोटामा ७ (सात) दिनको समय दिएर सम्बन्धित विद्यालयले बिज्ञापन प्रकाशित गर्नु पर्नेछ ।विद्यालयबाट हुने सबै तहका गाउँ शिक्षक पदको विज्ञापनमा दरखास्त दस्तुर अधिकतम रु.ज्ञ,ण्ण्ण- भन्दा बढी राख्न पाइने छैन ।

२. प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गरी उपदफा १ बमोजिमका आवेदकहरु मध्येवाट सम्बन्धित तहका लागि योग्यता पुगेको व्यक्तिहरु मध्येबाट गाउँ शिक्षक छनौट गर्न शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रम बमोजिम. छनौट समितिले प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्न मिति, समय र स्थान तोकि सूचना प्रकाशन गर्नेछ ।

३. तोकिएको मिति, समय र स्थानमा प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी सफल तथा वैकल्पिक उम्मेदवारको सूची छनौट समितिले बिद्यालय ब्यबस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।



Scanned with CamScanner

४. उपदफा ३ बमोजिम सिफारिस भएका उम्मेदवारलाई बिद्यालय ब्यबस्थापन समितिको निर्णयानुसार प्रधानाध्यापकले अनुसूची- १ बमोजिम करार नियुक्ति दिनेछ।

५. सिफारिस भएका उम्मेदवारले नियुक्ति नलिएमा वा सिफारिस मितिले छ महिनाभित्रमा गाउँ शिक्षक पदबाट राजीनामा दिई विद्यालय छाडेमा विद्यालय व्यवस्थापन समितिले सम्बन्धित विज्ञापनकै वैकल्पिक सूचीमा भएका उम्मेदवार लाई योग्यताक्रमानुसार नियुक्ति दिन सक्नेछ।

६. यो कार्यविधि लागू हुनु पूर्व विद्यालयले आन्तरिक स्रोतबाट वा बिगत आ.व. मा गाउँपालिकाबाट प्राप्त भएको अनुदान रकमबाट पारिश्रमिक उपलब्ध गराउने गरी नियुक्त शिक्षकलाई गाउँ शिक्षक पदमा उम्मेदवार हुन वाधा पर्ने छैन।

७. गाउँ शिक्षक अनुदान रकमबाट पारिश्रमिक भुक्तानी हुने गरी नियुक्त भएका शिक्षकको त्रैमासिक हाजिरी प्रमाणित गरी तलवी माग फारम पेस गरेर विद्यालयले गाउँपालिकाबाट अनुदान रकम निकासा लैजानुपर्नेछ।

८. विद्यालयले गाउँ शिक्षक अनुदान रकमबाट खर्च भएको अभिलेख लगायतका कागजात दुरुस्त राखुपर्नेछ। अनुदान रकमको खर्च सम्बन्धमा सामाजिक तथा अन्तिम लेखा परीक्षणको दायित्व समेत विद्यालयको नै हुनेछ। अनुदान रकम खर्चको पारदर्शिताका सम्बन्धमा विद्यालयका प्रधानाध्यापक नै जिम्मेवार हुनेछन।

# परिच्छेद -५

## विविध

### ९. गाउँ शिक्षक अनुदान कोटामा उम्मेदवार हुन आवश्यक शैक्षिक योग्यता तथा उमेर हदः

१. गाउँ शिक्षक अनुदान कोटामा उम्मेदवार हुन १८ वर्ष उमेर पूरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ। तर यस कार्यविधि लागू हुनुपूर्व गाउँपालिका कार्यालयबाट उपलब्ध गराइएको अनुदानबाट मासिक तलव भत्ता खाईपाई आएका वा सोही बिद्यालयमा कार्यरत निजी स्रोतका शिक्षकहरुको हकमा यस कार्यविधि लागू भए पश्चात प्रथम पटक सम्बन्धित विद्यालयबाट हुने विज्ञापनमा उम्मेदवार हुन उमेर हद लाग्ने छैन।

२. गाउँपालिकाबाट थप भएका बालविकास सहजकर्ताको अनुदान कोटामा उम्मेदवार



Scanned with CamScanner

हुन शिक्षा विषय सहित कक्षा १२ वा सो सरह उत्तीर्ण भएको विवाहित महिला हुनुपर्नेछ ।

३. आधारभूत तह (कक्षा १-५) को गाउँ शिक्षक पदमा उम्मेदवार हुन न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण हुनुपर्नेछ । तर आधारभूत तह (कक्षा १-५) को गाउँ शिक्षक अनुदान कोटामा दरखास्त पेस गर्न सम्बन्धित विद्यालयमा कार्यरत निजि स्रोतका शिक्षकहरुलाई सोही विद्यालयबाट भएको प्रथम पटकको विज्ञापनको हकमा न्यूनतम शैक्षिक योग्यता एस.एल.सी/एस.ई.ई वा सो सरह उत्तीर्ण भएमा उम्मेदवार हुन बाधा पर्नेछैन ।

४. आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (कक्षा ९-१२) र माध्यमिक तह (कक्षा ११-१२) को गाउँ शिक्षक पदमा उम्मेदवार हुन विज्ञापन भएको विषयमा क्रमशः न्यूनतम शैक्षिक योग्यता कक्षा १२ वा सो सरह, स्नातक तह वा सो सरह र स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।

५. स्थायी अध्यापन अनुमति पत्रको अनिवार्यता नहुनेः गाउँ शिक्षक अनुदान कोटामा उम्मेदवार हुन स्थायी अध्यापन अनुमति पत्रको अनिवार्यता हुनेछैन ।

**१०. कार्यप्रभावकारीता अनुगमनः** गाउँ शिक्षक अनुदान कोटामा नियुक्त शिक्षकको कार्य प्रभावकारिताका सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयबाट अनुगमन गरिनेछ ।

**११. गाउँ शिक्षक अनुदान कोटामा नियुक्त शिक्षकको काम कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछन :**

१. विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्नेछ ।

२. विद्यालयद्वारा तोकिएको तह, कक्षा र विषयको अध्यापन गराउनु पर्नेछ ।

३. विद्यालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय वातावरण सुधारमा सहयोग गर्नुपर्नेछ ।

४. विद्यार्थीलाई सम्मानजनक र भेदभावरहित व्यवहार गर्नुपर्नेछ ।

५. राजनैतिक आस्थाका आधारमा विभिन्न राजनैतिक क्रियाकलापमा भाग लिन पाइनेछैन ।

६. राष्ट्रियता, राष्ट्रिय एकता, सामाजिक सद्भभावमा प्रतिकूल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न पाइनेछैन ।

७. प्रचलित कानूनले तोकिदिएका शिक्षकका अन्य आचार संहिता पालना गर्नुपर्नेछ ।

**१२. कार्यघण्टा तथा पारिश्रमिकः**

यस कार्यविधि वमोजिम नियुक्त हुने शिक्षकले विद्यालयका अन्य शिक्षक कर्मचारी



Scanned with CamScanner

सरहकै कार्यघण्टा व्यतित गरी गाउँ कार्यपालिकाले तोके बमोजिमको पारिश्रमिक सुविधा पाउनेछ ।

**१३. विदा सहुलियतः** यस कार्यविधि बमोजिम नियुक्त गाउँ शिक्षकले अन्य शिक्षक कर्मचारीले पाए सरहको भैपरि तथा पर्व विदा मात्र पाउनेछ ।

**१४. गाउँ शिक्षकको अवकाशः** गाउँ शिक्षक अनुदान कोटा एक आर्थिक वर्षका लागि उपलब्ध भएको मानिनेछ । अर्को आर्थिक वर्षका लागि अनुदान कोटा उपलब्ध नभएमा गाउँ शिक्षक स्वतः अवकाश भएको मानिनेछ ।गाउँ शिक्षक अनुदान कोटाको निरन्तरताका सम्बन्धमा गाउँ कार्यपालिकाले अन्तिम निर्णय गर्नेछ ।

**१५. उजुरी तथा निर्णयः** यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षकको नियुक्ति प्रक्रिया लगायतका विषयमा गाउँपालिका कार्यालय समक्ष उजुरी दिन सकिनेछ । प्राप्त उजुरीका सम्बन्धमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१६. बचाउ तथा खारेजी :** गाउँ शिक्षक अनुदान व्यवस्थापन कार्यविधि, २०७९ खारेज गरी उक्त कार्यविधि अनुसार भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

**१७. यसै कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि वमोजिम हुनेछन् र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

**१७. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि बमोजिमको कुनै व्यवस्था कार्यान्वयनमा केही बाधा भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।



Scanned with CamScanner

## अनुसूची-१
## गाउँ शिक्षक पदमा विधालयले दिने नियुक्तिको ढाँचा

मिति : ... ... ... ... ...

**विषय : करार नियुक्ति ।**

श्री ................................

................................

प्रस्तुत विषयमा गाउँ शिक्षक छनौट तथा सिफारिस समितिको मिति ................................ को सिफारिस तथा विद्यालय व्यवस्थापन समितिको मिति ................................को निर्णयानुसार तपाईंलाई तीनपाटन गाउँपालिकाको गाउँ शिक्षक अनुदान व्यवस्थापन कार्यविधि, २०८० बमोजिम प्रारम्भिक बालविकास तहको बालविकास सहजकर्ता/आधारभूत तह(१-५)/आधारभूत तह (६-८)/माध्यमिक तह (९-१०)/माध्यमिक तह (११-१२) को गाउँ शिक्षक पदमा मिति ................. बाट लागू हुने गरी मिति २०८१ असार मसान्त सम्मका लागि करार नियुक्ति दिइएको छ। तपाईंको सेवा, शर्त तथा सुविधा गाउँपालिकाको गाउँ शिक्षक अनुदान व्यवस्थापन कार्यविधि, २०८० तथा तीनपाटन गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ। विद्यालयका प्रधानाध्यापकको मातहतमा रही प्रचलित कानून बमोजिम तोकिएको जिम्मेवारी बहन गर्नुहुन अनुरोध छ।

गाउँ शिक्षक पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई।

....................
प्रधानाध्यापक

आज्ञाले
पदम बहादुर बस्नेत
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner